# प्रेस-विज्ञप्ती

१. हाम्रो निमन्त्रणा स्वीकार गरी विभिन्न संचार माध्यमबाट पाल्नुभएका पत्रकार मित्रहरुलाई यस पत्रकार सम्मेलनमा बीमा समिति हार्दिक स्वागत गर्दछ । बीमा समितिका काम कारवाही लगायत बीमा सम्बन्धी समसामयिक विषयमा जानकारी दिने उद्देश्यले यो पत्रकार सम्मेलन आयोजना गरिएको हो ।

## बीमा विधेयक र राष्ट्रिय बीमा नीति

२. नेपालको बीमा नियमनकारी निकायका रूपमा बीमा ऐन, २०४९ बमोजिम स्थापना भएको बीमा समितिले बीमा व्यवसायलाई व्यवस्थित, नियमित, विकसित तथा नियन्त्रित गर्ने उद्देश्यका साथ काम गर्दै आएको छ । यस सन्दर्भमा हाल बीमा विधेयक प्रतिनिधिसभाबाट पारित भई राष्ट्रिय सभामा पेश भएको छ ।

३. राष्ट्रिय बीमा नीति, २०७९ सम्बन्धी प्रस्ताव स्वीकृतिका लागि अर्थ मन्त्रालयमा पठाइसकिएको छ । नयाँ बीमा ऐन र राष्ट्रिय बीमा नीति आएपछि देशमा बीमा क्षेत्रको समग्र विकास एवम् विस्तारले नयाँ फड्को मार्ने समितिको विश्वास छ ।

## बीमाको दायरा विस्तार

४. नेपाल सरकार, बीमा समिति, बीमा कम्पनी, अन्य सरोकारवाला निकायहरू र संचार जगत्को सामूहिक प्रयासबाट हाल बीमा व्यवसाय विकसित, व्यवस्थित, अनुशासित र विस्तारित हुँदै गएको छ । जसको फलस्वरूप बीमाको दायरा बढ्दै गई हाल कूल जनसंख्याको ४१ प्रतिशतभन्दा बढी जनता बीमाको दायरामा आएका छन् । यसमा म्यादी, लघु र वैदेशिक रोजगार बीमालेख समेत समावेश गरिएका छन् । सरकारले गत आर्थिक वर्षमा एक तिहाई जनतालाई बीमाको दायरामा ल्याउने लक्ष्य राखेकोमा गत आर्थिक वर्षको असार मसान्तसम्ममा लक्ष्यभन्दा पनि बढी प्रगति भएको हो । बीमा समितिबाट भएका नीतिगत एवम् कानूनी सुधारबाट आगामी दिनमा बीमाको दायरा अझै उल्लेख्यरूपले बढ्ने अपेक्षा गरिएको छ ।

## बीमा क्षेत्रको मूलभूत सूचकाङ्क

५. गत आर्थिक वर्षको असार मसान्तसम्ममा अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा कूल जीवन बीमालेख ५२ प्रतिशतले, कूल निर्जीवन बीमालेख २ प्रतिशतले र कूल बीमाशुल्क संकलन १६ प्रतिशतभन्दा बढीले वृद्धि भएको छ ।

६. बीमा क्षेत्रको विकास एवम् विस्तार भएसँगै बीमकका शाखा कार्यालहरू समेत बढ्दै गएका छन् । गत आर्थिक वर्षको असार मसान्तसम्मा जीवन तथा निर्जीवन बीमा कम्पनीहरूको शाखा कार्यालयको सङ्ख्या गतवर्षको सोही अवधिको तुलनामा १४.७६ प्रतिशत बढेर ३ हजार ३६६ पुगेको छ भने बीमा क्षेत्रको रोजगारी १०.३१ प्रतिशतले बढेर ११ हजार ८६१ पुगेको छ ।

७. कूल गार्हस्थ उत्पादनमा बीमाको योगदान ३.६७ प्रतिशत र कूल बीमाशुल्क आर्जन रु. १ खर्ब ७७ अर्ब रहेको छ । बीमा सर्भेयरको संख्या १ हजार २५१ र बीमा अभिकर्ताहरुको संख्या ३० लाख रहेको छ ।

**गत आर्थिक वर्ष २०७८/७९ मा भएका कार्य**

८. बीमा समितिले गत आर्थिक वर्षमा बीमा कम्पनीहरूमा सुशासन कायम गर्न, खर्च घटाउन, बीमितको हित कायम गर्न, अस्वस्थ प्रतिस्पर्धा नियन्त्रण गर्न र बीमा दावी समयमा नै भुक्तानी पाउने सुनिश्चित गर्न र बीमा कम्पनीहरूलाई साधन, स्रोत र सेवा प्रवाहका दृष्टिले सुलभ र सबल बनाउन बीमा कम्पनीहरूको चुक्ता पूँजी वृद्धिको निर्णय गरेको छ । पूँजी वृद्धिका लागि बीमा कम्पनीहरू एकअर्कामा गाभ्ने, गाभिने र प्राप्ति (मर्जर) गर्न सकिने विकल्प समेत समितिले दिएको छ । सोही अनुसार दुईवटा बीमा कम्पनीहरू मर्ज भई यही २०७९ साल साउनदेखि नै संयुक्त कारोवार शुभारम्भ गरिसकेका छन् भने अन्य १७ वटा कम्पनीहरूलाई मर्जरका लागि समितिले स्वीकृति दिइसकेको छ ।

**बीमा दाबी भुक्तानी**

९. समितिले गत आर्थिक वर्षलाई बीमा दाबी भुक्तानीको वर्षका रूपमा मनाउने निर्णय गरेको थियो । सोही अनुरुप समितिबाट भएका नियमित अनुगमन र निर्देशनको फलस्वरुप दाबी भुक्तानीमा पनि उल्लेख्य सुधार भएको छ । साथै, बीमा दाबी सम्बन्धी विवादको निरूपण गर्ने क्रममा यस अवधिमा बीमक र बीमितबीच आपसी सहमति तथा मेलमिलापबाट समेत गरी विभिन्न १५३ वटा उजुरी किनारा लगाइएको छ ।

**निर्देशिका र नयाँ बीमालेख**

१०. गत आर्थिक वर्षमा कफी बीमालेखको समयानुकूल परिमार्जन, दुर्घटना बीमा निर्देशिका र **Risk Based Capital and Solvency Directive, 2078** जारी, कृषि बीमाको अनुदानको नियमितरूपमा वितरण, ड्रागन फल खेती बीमालेख निर्माण, बाख्रा बीमालेख संशोधन, लघुबीमा सम्बन्धी अनुसन्धान प्रतिवेदन तयार, बीमकहरूको स्थलगत अवलोकन, बीमा अभिकर्ता तथा बीमा सर्भेयरको इजाजतपत्र विद्युतीय माध्यमबाट दर्ता तथा नवीकरण गर्ने कार्य सम्पन्न भएका छन् ।

११. बीमा समितिका काम कारवाहीलाई अझ बढी चुस्त, दुरूत र पारदर्शी बनाउन नयाँ सफ्टवेयर संचालन र सम्पत्ति सुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रण सम्बन्धी कार्यलाई प्रभावकारी बनाउन बीमा क्षेत्रमा GOAML सफ्टवेयर लागू, लगायतका कार्यहरू सम्पन्न भएका छन् ।

**बीमा सम्बन्धी सचेतनामूलक कार्यक्रम**

१२. बीमा सम्बन्धी जनचेतना अभिवृद्धि गर्न, दुर्गम र न्यून आय भएका जनतासम्म बीमाको पहुँच विस्तार गर्न र प्रदेश तथा स्थानीय सरकार मार्फत बीमाको पहुँच विस्तारलाई व्यापकता दिनका लागि सातवटै प्रदेश सरकार सरकारहरू, विभिन्न **४८ वटा स्थानीय तहका जनप्रतिनिधिहरू र विभिन्न विद्यालयका विद्यार्थी तथा शिक्षकहरूसँग बीमा सम्बन्धी छलफल एवम् अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएका छन् ।**

१३. ललितपुरको कुपण्डोलस्थित बीमा समितिको हालको कार्यालय परिसरमा अत्याधुनिक सुविधा सम्पन्न केन्द्रिय कार्यालय भवनको निर्माण कार्य द्रूत गतिमा भइरहेको छ भने समितिले सबै प्रदेशमा प्रादेशिक कार्यालय स्थापना गर्दै जाने नीति अनुरुप गत वषृ सुरुवाती चरणमा सुदूरपश्चिम प्रदेश, कर्णाली प्रदेश र मधेश प्रदेशमा समितिका प्रादेशिक कार्यालय स्थापना गरिएका छन् । बाँकी ४ वटा प्रदेशमा पनि यसै आर्थिक वर्षभित्र प्रादेशिक कार्यालय स्थापना गर्ने कार्यक्रम रहेको छ ।

## चालू आर्थिक वर्षका कार्यक्रम

१४. चालू आर्थिक वर्षमा बीमा नियमावली, नीति तथा रणनीतिक योजना, बीमा सम्बन्धी कार्यविधि तथा ढाँचा र बीमा मार्गदर्शन एवम् निर्देशिक तयार गर्ने तथा परिमार्जन गर्ने कार्यक्रम रहेको छ । NFRS 17 लागू गर्ने र Risk Based Capital and Risk Based Solvency Directives सम्बन्धी कार्य गरिनेछ ।

१५. चालू आर्थिक वर्षमा बीमा सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने र बीमाको पहुँच विस्तारका लागि प्रदेश सरकार, स्थानीय तह, बीमा कम्पनी र आर्थिक पत्रकारहरूसँग अन्तरक्रिया गर्ने लगायतका कार्यक्रमहरुलाई निरन्तरता दिइएको छ ।

१६. राष्ट्रिय सूचना आयोग, वित्तीय क्षेत्रका नियामक निकायहरू, बीमकका अध्यक्ष, संचालक र प्रमुख कार्यकारी अधिकृतहरू, कानून व्यवसायी, बीमित, उद्योग वाणिज्य संघ, नेपाल चेम्बर अफ कमर्स लगायत सरोकारवालाहरूसँग समेत छलफल तथा अन्तरक्रिया गर्ने कार्यक्रम रहेको छ । चालू आर्थिक वर्षमा बीमासम्बन्धी जनचेतना अभिवृद्धिका लागि देशभर नै बीमा सम्बन्धी सचेतनामूलक कार्यक्रमहरू संचालन गरिने छन् ।

१७. बीमा सम्बन्धी अन्तर्राष्ट्रिय गोष्ठीको आयोजना तथा माध्यमिक विद्यालय र CTEVT का पाठ्यक्रममा बीमा विषय थप गर्न आवश्यक कार्य गर्ने, बीमा सूचना केन्द्र स्थापना गर्ने, बीमित हित संरक्षण कोष स्थापना गर्ने, बीमा कलेज स्थापना गर्ने र बीमा सम्बन्धी अध्ययन अनुसन्धानलाई प्राथमिकताका साथ अगाडि बढाउने लगायतका कार्य चालू आर्थिक वर्षमा गरिने छन् ।

## बीमा कम्पनीहरु शहर केन्द्रित भएको गुनासा

१८. बीमा समितिले बीमा व्यवसायको समग्र विकास एवं विस्तारमा जोड दिँदै आए तापनि देशका ग्रामीण तथा दुर्गम भेगका जनतामा बीमाको पहुँच पुग्न सकेको छैन । समितिबाट विभिन्न स्थानीय तहहरूमा आयोजना गरेका कार्यक्रममा सहभागी स्थानीय वासिन्दाहरूबाट आफू र आफ्नो परिवारको बीमा गर्न नपाएको, घर, खेतीपाती, जडिबूटी, पशुपन्छी लगायतको बीमा गर्न नपाएको, बीमा कम्पनीहरू शहर केन्द्रित भएको, सदरमुकाममा रहेका बीमा कम्पनीका

कार्यालयहरूले कृषि तथा पशुपन्छी बीमा गर्न नमानेको, बीमा दावी भुक्तानी नपाएको जस्ता गुनासाहरु आउने गरेका छन् ।

**लघुबीमा**

१९. ग्रामीण एव् दुर्गम भेगमा बसोवास गर्ने नागरिकले आफ्नो स-सानो रकमबाट आफू र आफ्नो परिवार, घर, व्यवसाय, खेतीपाती, पशुपन्छी, जडिबूटी लगायतको बीमा गरी जोखिम बीमा कम्पनीहरूलाई हस्तान्तरणको व्यवस्था गर्नु जरूरी रहेको छ । यसका लागि बीमा कम्पनीहरूलाई जिल्ला समेत तोकेर निश्चित लघुबीमा गर्न समितिले पटक पटक निर्देशन दिँदै आएको छ । तर लघुबीमाले अपेक्षित गति लिन सकेको छैन । देशको कूल सम्पत्ति तथा दायित्वको करिव २ प्रतिशत मात्र लघुबीमा भएको पाइन्छ । बीमा भनेको शहरी क्षेत्रमा बसोवास गर्ने र सम्पन्न परिवारका लागि मात्र नभई ग्रामीण एवम् दुर्गम क्षेत्रमा बसोवास गर्ने विपन्न बर्ग, समुदाय सबैका लागि हो । सबै नागरिकले आफ्नो चाहना र आवश्यकता अनुसार बीमा गर्न पाउनु उनीहरूको नैसर्गिक अधिकार पनि हो ।

२०. नेपाल सरकारले आर्थि वर्ष २०७७/०७८ को बजेट वक्तव्यमा कूल बीमाको दायरामा रहेको जनसंख्यामा लघुबीमाको हिस्सा १० प्रतिशत पुऱ्याउनुपर्ने लक्ष्य राखेको थियो । तर उक्त लक्ष्य पूरा हुन नसकी झन् घट्दै गएको पाइएको छ । कूल बीमाको दायरामा रहेको जनसंख्या उल्लेख्य मात्रामा वृद्धि भए पनि लघुबीमाको हिस्सा न्यून भएका कारण नेपाल सरकारले दुर्गभ, पिछडिएका र न्यून आय भएका बर्गमा बीमाको पहुँच पुऱ्याउने उद्देश्यले चालू आर्थिक वर्ष २०७९/८० को बजेट वक्तव्यमा लघुबीमा कम्पनी स्थापना गर्ने उल्लेख गरेको छ ।

नागरिकको सोही अधिकारलाई ध्यानमा राखी समितिले गाउँ गाउँ र विकासिका दृष्टिले पछिपरेका क्षेत्रका वासिन्दाहरूलाई बीमाको सेवा उपलब्ध गराउन हालै मात्र देशका सातै प्रदेशमा एक एकवटा लघुबीमा कम्पनी स्थापना गर्न आवश्यक प्रक्रिया अगाडि बढाएको छ । नेपाल जस्तो बाढी, पहिरो, भूकम्प, अतिबृष्टी जस्ता प्राकृतिक प्रकोपको सम्भावना बढी रहेको देशमा न्यून आय भएका र लक्षित बर्गको आर्थिक जोखिम हस्तान्तरणका लागि लघुबीमालाई सघनरूपमा देशव्यापीरूपमा अगाडि बढाउन लागिएको हो । यसबाट नागरिकले विपद्का समयमा हुने हानी नोक्सानीको क्षतिपूर्तिका लागि सरकारको मुख ताक्नुपर्ने अवस्थाबाट मुक्त भई बीमा कम्पनीहरूबाट नै क्षतिपूर्ति पाउने सुनिश्चित हुन्छ भन्ने समितिको विश्वास छ ।

देशको यस स्थितिलाई पत्रकार मित्रहरूले पनि मनन् गर्नुभएकै छ भन्ने समितिको विश्वास छ ।

मिति : २०७९/५/१३